थाहा नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः २०७५** **संख्याः ०४** **मितिः २०७५/११/०६**

**भाग-२**

**थाहा नगरपालिका**

थाहा नगरपालिकाको ढुङ्गा, बालुवा,गिट्टीको अमानतमा कर उठाउने सम्बन्धी कार्यबिधी, २०७५

**१. प्रस्तबना**

**थाहा नगरपालिका क्षेत्रभित्र रहेका निजी वा सार्बजनिक जमिनबाट उत्खनन भएका ढुङ्गा, बालुवा,गिट्टीको ब्यबस्थापन र सदुपयोग गरि आन्तरिक आय बृद्धिको लागि कुनै पनि कारणले ठेक्का प्रणालीबाट कर संकलन गर्न नसकेको अबस्थामा यस नगरपालिकाले यस नगर भित्रका ढुङ्गा, बालुवा, गिट्टीको अमानतमा कर उठाउने गरि ब्यबस्थीत गर्न नेपाल संविधान २०७२ को धारा २२८ को उपधार २ बमोजिम यो कार्यबिधि तयार गरि लागु गरिएको छ**

**२. परिभाषा**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

**(क) 'ऐन' भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनुपर्दछ ।**

**(ख) ढुङ्गा, बालुवा, गिट्टी' भन्नाले निजी वा सार्वजनिक क्षेत्रमा पाइने ढुङ्गा, बालुवा, गिट्टी सम्झनु पर्दछ ।**

**(ग) 'नगरपालिका' भन्नाले थाहा नगरपालिकालाई सम्झनुपर्दछ ।**

**(घ) 'समिति' भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनूपर्छ ।**

**(ङ) 'उद्योग' भन्नाले ढुङ्गा, बालुवा, गिट्टीको प्रशोधन गर्ने उद्योग सम्झनूपर्छ ।**

**(च) 'सार्वजनिक क्षेत्र' भन्नाले सार्वजनिक खोला, वन क्षेत्र वा व्यक्तिको नाममा दर्ता नरहेको अन्य क्षेत्र सम्झनुपर्छ ।**

***३. कर राजश्व संकलन प्रकृया :***

स्थानीय राजपत्र

(१) यस नगरक्षेत्र भित्रका कुनै पनि व्यक्ति, संस्था वा फर्मले ढुङ्गा गिट्टी बालुवाको निकासी गर्दा नगर कार्यपालिकालाई कर राजश्व अनिवार्य बुझाउनुपर्नेछ ।

(२) कर राजश्व अनिवार्य बुझाउन निम्न बमोजिमको ब्यबस्था हुनेछ ।

(क) दफा ३ को उपदफा १ अनुसार कर राजश्व संकलन गर्न नगरपालिका स्वयंले अमानतमा राजश्व कर संकलन गर्नेछ ।

(ख) अमानतमा राजश्व कर संकलन गर्न नगरपालिकाले आबश्यक कर्मचारीको ब्यबस्था गनर्छे ।

(ग) कार्यालयले आवश्यक ठानेमा अन्य उपायहरु पनि अबलम्बन गरि कर राजस्व संकलन गर्न सक्नेछ ।

(घ) कर राजश्व संकलन गर्न यस कार्यबिधीको अनुसुची १ बमोजिमको नमुना नगदी रसिद प्रयोग गरिनेछ ।

(ङ) प्रदेश सरकार र स्थानिय सरकारको साझा अधिकार सुचिमा रहेको दररेट कायम रहनेछ ।

(चा) दफा ७ बमोजिमको समितिले आवश्यक ठानेका स्थानहरुमा नगरपालिकाले कर राजस्व संकलन गर्न केन्द्र स्थापना गर्न सक्नेछ ।

(छ) करको दररेट बिषयमा प्रदेश सरकारबाट भबिष्यमा हुने परिर्बतनलाई स्वतः मान्य हुनेछ ।

४. कर राजश्व संकलन प्रकृया स्विकृत गर्नेः

(१) नगर कार्यपालिकाद्वारा दफा ३ बमोजिमको कर राजश्व संकलनका लागि कार्यपालिकाको बैठकमा प्रस्ताब पेश हुन आएमा नगर कार्यपालिकाको बैठकले अमानतमा कर संकलनको लागि स्वीकृत दिन सक्नेछ ।

(३) यसरी स्विकृत दिदा नगर कार्यपालिकाको बैठकलेले आबश्यक ठानेका अन्य सर्तहरु राख्न सक्नेछ ।

५. कर संकलनका लागि कर्मचारी नियुक्ती सम्बन्धी ब्यबस्था

(१) नगर पालिकले बालुवा, गिट्टी, ढुङ्गा ग्राभिलको कर राजश्व संकलन गर्न आबश्यक संख्यमा कर्मचारी नियुक्ती गर्न सक्नेछ ।

२) दफा ७ बमोजिमको समितीले करारमा कर्मचारी नियुक्त गर्नेछ ।

३) यसरी नियुक्त भएको कर्मचारीले नगरपालिकाले तोकेको काम सन्तोषजनक नगरे तुरुन्त कामबाट हटाउन सक्नेछ ।

६. कर संकलन प्रकृया

(१) कर संकलनका लागि आबश्यक्तानुसार खोलेको कर संकलन केन्द्रहरुमा कम्तीमा एक जना कर्मचारी रहने ।

(२) कर तिरि सके पछि अनुसुची १ मा राखे अनुसारको नगद रसिद दिने र त्यसको अर्धकट्टी संकलकले सुरक्षित राख्ने छ ।

(३) कर संकलन भएको रकम त्यसै दिन बैंक खातामा दाखिला गर्नु पर्ने छ ।

स्थानीय राजपत्र

(४) कर संकलन गरेको दिन बिदा परेर वा अन्य कुनै कारणले बैंक बिदा परेमा त्यसको भोलि पल्ट वा बैंक खुलेको पहिलो दिन अनिवार्य रकम दाखिला गर्नु पर्नेछ ।
(५) कर संकलनकलाई कार्यालयले जुन सुकै समयमा काममा लगाउन सक्नेछ ।
(६) कर संकलन गरेको रसिदको अर्धकट्टी कार्यलयमा बुभलाउनु पर्नेछ ।

**७. अनुगमन समिति :**

(१) अमानतमा राजश्व कर संकलन गर्न, अनुगमन गर्न तथा कर संकलन प्रकिृया व्यबस्थीत चुस्त र पारदर्शि बनाउन देहायको एक अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क) उप प्रमुख | : संयोजक |
| ख) शाखा अधिकृत | : सदस्य |
| ग) सम्बन्धीत वडाको अध्यक्ष | : सदस्य |
| घ) राजश्व शाखा हेर्ने कर्मचारी | : सदस्य सचिव |

(२) (१) अमानतमा राजश्व कर संकलन गर्न, अनुगमन गर्न तथा कर संकलन प्रकिृया व्यबस्थीत चुस्त र पारदर्शि बनाउन अनुगमन समितिमा पुर्ण अधिकार रहनेछ ।

**८. अमानत करको व्यवस्थापन:**

(१) सार्वजनिक क्षेत्रमा रहेको बालुवा, गिट्टी, ढुङ्गामा लाग्ने करको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

**९. आन्तरिक रोयल्टी रकम तोक्न सक्ने :**

(१) नगरपालिकाले प्रत्येक वर्षको नगरसभाबाट विनियोजन ऐनमा व्यवस्था गरी बालुवा, गिट्टी, ढुङ्गाको उत्खनन् प्रशोधन र निकासीमा आन्तरिक कर रकम तोक्न सक्नेछ ।
(३) उत्खनन् वा उद्योगबाट निकासी हुने सबै प्रकारका ढुङ्गा, बालुवा, गिट्टीको निकासीमा कर नगरपालिका भित्र र बाहिर गरी छुट्टाछुट्टै निर्धाण गर्न सकिनेछ ।
(४) निजी क्षेत्रबाट ढुङ्गा, बालुवा, गिट्टी उत्खनन् गर्दा लाग्ने कर वापतको रकम सम्बन्धीत जग्गा धनीले र निकासी वापतको रकम निकासी गर्ने व्यक्ति वा फर्मले तिर्नुपर्नेछ ।

**१०. निरीक्षण गर्न सक्ने:**

(१) नगरपालिकाले कुनैपनि अमानतमा राजश्व कर संकलन गर्ने केन्द्रमा भैरहेको कार्यको निरीक्षण गरी आवश्यक सुझाव दिन सक्नेछ ।
(२) नगरपालिकाले संकलन केन्द्रमा जुनसुकै बेला पनि मौज्दात रसिदको र चलानी पुर्जा बिचको निरीक्षण गर्न सक्नेछ ।

**११. जरिवाना:**

स्थानीय राजपत्र

(१) नगरपालिकाबाट अमानतमा कर राजश्व संकलनको लागि नियुक्ती लिएर रकमको हिनामिना गरेको पाइएमा कशुरको मात्रा हेरी रु.५० हजारदेखी २ लाखसम्म जरिवाना गरी तत्काल सेवाबाट बर्खास्त गर्न सकिनेछ ।

**१२. स्वीकृत दिने अधिकारीः**

(१) अमानतमा कर संकलन केन्द्रको स्थान निर्धारण प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

(२) प्रमुख प्रशासकीय अधिकृतले कर संकलन केन्द्रको स्थान निर्धारण गर्ने अधिकार आफू मातहतको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१३. विशेष अनुदान दिन सकिनेः** बढी भन्दा अमानतमा कर संकलन भएको क्षेत्र वा वडालाई नगरसभाको निर्णयले विशेष थप अनुदान दिन सक्नेछ ।

**१४. बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगरपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१६. परिमार्जन तथा संशोधन :**

कार्यविधिलाई आवश्यकता अनुसार नगरपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

**१७. खारेजीः**

यस कार्यविधिमा भएका दफाहरु संघीय कानुन वा प्रदेश कानुनका कुनै दफाहरुसंग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछन् ।

**आज्ञाले,**

**नामः हरिलाल पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र